# कमलामाई नगरपालिका

## पशु/कृषि विकास फार्म दर्ता कार्यविधि २०७७

# कमलामाई नगरपालिका

**सिन्धुलीमाढी,सिन्धुली**

**बागमती प्रदेश,नेपाल**

**पृष्टभूमि :**

- पशु तथा कृषि क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वामहमुखि अवस्थाबाट दिन प्रतिदिन आधुनिक तबरले व्यावसायीकरण गरेर प्रतिस्पर्धि रुपमा सक्षम बनाउन आवश्यक छ । यसका लागी पशुपंक्षि/कृषिजन्य उत्पादन, प्रसोधन तथा बजारीकरण गरी कृषकलाई थप बढि प्रतिस्पर्धि तथा उत्पादन मुखी बनाउनको लागी प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाइ अझ बढि प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र पशु/कृषि व्यावसायलाई आर्थिक उपार्जन ,स्वरोजगार प्रवर्द्धन एवं गरीवी न्यूनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुरयाउनुको साथै बढदो बैदेशिक पलायन दरलाई निरुत्साहित गरी यस नगरपालिकामा कृषि तथा पशुपालन व्यावसायको माध्यमबाट नगरलाइ आवस्यक पशु तथा कृषि जन्य मागलाइ पुर्ति गरी बढि भएको उत्पादन नगर बाहिर निर्यात गरी कृषि तथा पशु पालन व्यवसायबाट कृषकको जीवन स्तर उकास्नुको साथै यस नगरपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाइ सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न कमलामाई नगरपालिका स्थानिय सरकार संचालन एनको दफा १०२(२) ले यो कार्यविधि जारी गरेको छ ।

# परिच्छेद १

**१) प्रारम्भ**

**क) संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम " पशु/कृषि सेवा फार्म दर्ता कार्यविधि २०७७" रहेको छ ।

२. यो कार्यविधि कमलामाई नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट पास भएको मितिबाट लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले कमलामाई नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "कृषि समिति" भन्नाले कमलामाई नगरपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले कमलामाई नगरपालिका पशु तथा कृषि विकास शाखा सम्झनु पर्दछ ।

ङ) "निजि फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ ।

च) "कार्यविधि" भन्नाले 'पशु/ कृषि विकास फार्म दर्ता कार्यविधि २०७७' सम्झनु पर्दछ ।

३) उद्देश्यहरु :

क) पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुयाउने ।

ख) नगर सभाबाट विनयोजित रकमलाइ पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने ।

घ) नगरपालिकालाई दुध, मासु, अन्डा र माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने

ङ) पशु/कृषि व्यवसायकको उद्यमशीलता प्रबर्धन एवं ब्यावसायीकरण गर्नका लागी आवस्यक प्रविधि तथा सिपलाइ लक्षित बर्गसम्म पुरयाउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने ।

च) पशु/ कृषि व्यावसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनिकरण गर्ने ।

छ) पशु/ कृषि व्यावसायलाइ प्रभावकारी तरीकाले संचालन गर्नको लागी विभिन्न प्रकारका बिउ, रसायनिक मल,कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने ।

## परिच्छेद २

- पशुपन्छी फार्म/दाना पसल/एग्रोभेट/डेरी पसल/मासु पसल पशु बिकास शाखामा अभिलेख राखी तिनिहरुको नियमन, प्रबर्धन र अनुगमन गर्न ।
- नगर सभाबाट स्वीकृत पशुपंक्षि फार्म प्रबर्धन र पशुपंक्षि बजार प्रबर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।

## फार्म दर्ताको मापदण्ड :

**१. व्यावसायिक गाई/भैसी फार्मको बर्गिकरण :**

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ ।

**क. साना व्यावसायिक गाई/भैसी फार्म :**

५–१० वटा गाई/भैंसी पालन गरी दूध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाइ मानिने छ ।

**ख. मझ्यौला व्यावसायिक गाई/भैसी फार्म :**

११–२० वटा गाई/भैंसी पालन गरी दूध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ग. ठूला व्यावसायिक गाई/भैसी फार्म :**

२१ वटा भन्दा बढि गाई/भैंसी पालन गरी दूध उत्पादन व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**२. व्यावसायिक बाख्रा फार्मको बर्गिकरण :**

यस फार्मलाइ ३ वर्गमा विभाजन गरिएको छ ।

**क. साना व्यावसायिक बाख्रा फार्म :**

२०–३० वटा माउ बाख्रा वा १०–१५ वटा बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ख. मझ्यौला व्यावसायिक बाख्रा फार्म :**

३१–५० वटा माउ बाख्रा वा १६–३० वटा बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ग. ठूला व्यावसायिक बाख्रा फार्म :**

५१ वटा भन्दा बढि माउ बाख्रा वा ३१ वटा भन्दा बढि बोयर माउ बाख्रा पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**३. व्यावसायिक बंगुर फार्मको बर्गिकरण :**

यस फार्मलाइ ३ वर्गमा विभाजन गरिएको छ ।

**क. साना व्यावसायिक संगुर/बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागी भए १०–१५ वटा माउ बुंगुर र मासुका लागी भए २०–३० वटा बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ख. मझ्यौला व्यावसायिक सुंगुर/बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागी भए १६–३० वटा माउ बुंगुर र मासुका लागी भए कम्तिमा ३१–५० वटा बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ग. ठुला व्यावसायिक सुंगुर/बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागी भए ३१ वटा माउ बुंगुर भन्दा बढि र मासुका लागी भए कम्तिमा ५१ वटा भन्दा बढि बंगुर पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ

**४. व्यावसायिक कुखुरा फार्मको बर्गिकरण :**

**क. साना व्यावसायिक कुखुरा फार्म :**

२००–१००० वटा लेयर्स, ब्रोइलर वा १००–२०० स्थानिय जातको कुखुरा, टर्कि, हाँस, बट्टाइ पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ख. मझ्यौला व्यावसायिक कुखुरा फार्म :**

१०००–३००० वटा लेयर्स, ब्रोइलर वा २००–१००० स्थानिय जातको कुखुरा, टर्कि, हाँस, बट्टाइ पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**ग. ठुला व्यावसायिक कुखुरा फार्म :**

३००० वटा देखी माथि लेयर्स, ब्रोइलर वा १००० देखी माथि स्थानिय जातको कुखुरा, टर्कि, हाँस, बट्टाइ पालन गरी व्यावसाय शुरु गरेको फार्मलाई मानिने छ ।

**५. माछा पालन फार्म :**

**क. साना व्यावसायिक माछा फार्म :**

कम्तिमा ३ कट्ठा देखी १० कट्ठा सम्म पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

**ख. मझ्यौला व्यावसायिक माछा फार्म :**

कम्तिमा ११ कट्ठा देखी ३० कट्ठा सम्म पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

**ग. ठुला व्यावसायिक माछा फार्म :**

कम्तिमा ३१ कट्ठा भन्दा माथि जग्गामा पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछा पालन व्यावसाय गरेको हुनु पर्नेछ ।

६. **मिश्रित फार्म :** माथिका न्यूनतम परीधि पुरा गरेर एक भन्दा बढि किसिमका पशुपंक्षि एउटै ब्यक्तिले व्यावसायिक तबरले पालन गरीएको हुनु पर्नेछ ।

७. **मासु पसल :** दैनिक २० के.जी. भन्दा बढि मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रकृयामा लगिनेछ ।

८. **डेरी पसल :** दैनिक ५० लिटर भन्दा बढि दूध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रकृयामा लगिनेछ ।

९. **एग्रोभेट पसल :** प्रमाणपत्र सहित खोलिएका एग्रोभेटहरुलाइ आवश्यक्ता अनुसार शाखामा दर्ता गरीनेछ ।

## पशु तर्फको फार्म दर्ता प्रकृया :

- ✓ निवेदन
- ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चौकिल्ला प्रमाणित
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मञ्जुरीनामा
- ✓ राजश्व खातामा राजश्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ✓ न्यूतमत मापदण्ड अनुसार व्यावसाय शुरु गरीसकेको वा व्यावसाय नविकरणको हकमा वडाको पशुसेवा/पशुस्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

नोट :

- ✓ नयाँ व्यावसाय शुरु गर्ने कृषकलाई फार्म दर्ता प्रकृयामा लगिनेछ तर निजको प्रतिवद्धता अनुसार व्यावसाय शुरु गरेको हुनु पर्दछ । यदि निर्धारीत समयसम्म पनि व्यापसाय शुरु नगरेको खण्डमा कमलामाई नगरपालिकाको निर्णय अनुसार फार्म खारेज वा कारवाही प्रकृयामा लगिनेछ ।
- ✓ दर्ता भएको फार्म/एग्रोभेट/डेरी पसल /मासु पसललाइ पशु विकास शाखाले आधीकारीक प्रमाणपत्र उपलब्ध गराउनेछ ।
- ✓ दर्ता भएको फार्म/एग्रोभेट/डेरी पसल /मासु पसलले प्रत्येक वर्ष नयाँ आ.व. शुरु भएपछि नविकरण गर्नु पर्ने हुन्छ ।

- ✓ यस कार्यविधि लागु हुनुभन्दा अगाडि दर्ता भएको १ वर्ष अवधि पुरा भएको फार्म/डेरी पसल/मासु पसल पनि नियमानुसार प्रत्येक वर्ष नयाँ आ.व. शुरु भएपछि नविकरण गर्नु पर्दछ ।
- ✓ नयाँ फार्म/एग्रोभेट/डेरी पसल /मासु पसल लरेता तथा नविकरणमा लाग्ने शुल्क कमलामाई नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
- ✓ दर्ता भएको फार्म/एग्रोभेट/डेरी पसल /मासु पसलको समय समयमा अनुगमन गरीनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा कमलामाई नगरपालिकाको निर्णय बमोजिम कारबाही प्रकृयामा लगिनेछ

## परिच्छेद ३

### कृषि तर्फको फार्म दर्ता प्रकृया :

यस नगरपालिका भित्रका कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फार्म नगरपालिकामा दर्ता गर्न चाहेमा वडाका कृषि प्राविधिक वा शाखाबाट फिल्ड अवलोकन गरी फार्म दर्ता गर्न उपयूक्त देखिएमा कृषि शाखामा फार्म दर्ता गरीनेछ ।

### कृषि फार्म दर्ताको न्यूनतम मापदण्ड :

**१. प्लाष्टिक टनेल खेति :**

- ✓ प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ ।

**२. खुल्ला तरकारी खेति :**

- ✓ यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा ३ कट्ठा भन्दा बढिमा व्यावसायिक रुपमा तरकारी बाह्रै महिना उत्पादन गरेको हुनुपर्नेछ ।

**३. फलफुल खेति :**

- ✓ फलफुल खेतिहरु जस्तै : आँप,लिचि,भुइकटहर,अमिलो जातको फलफुल, केरा आदिको हकमा व्यावसायिक रुपमा ५ कट्ठा भन्दा बढिमा फलफुल खेति गरीएको हुनु पर्नेछ ।

**४. च्याउ खेति :**

- ✓ च्याउ खेति व्यावसायिक रुपमा करिब ५ वटा च्याउ घर (५/१०मिटर) निर्माण गरी खेति गरेको हुनुपर्नेछ ।

**५. मौरी पालन :**

- ✓ मौरी पालनको हकमा आधुनिक घार २५ वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ ।

**फार्म दर्ताको लागी आवश्क प्रकृया :**

- ✓ निवेदन
- ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मञ्जुरीनामा
- ✓ राजश्व खातामा राजश्व बुझाएको रसिद
- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ✓ न्यूतमत मापदण्ड अनुसार व्यावसाय शुरु गरीसकेको वा व्यावसाय नविकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

## परिच्छेद ४

### थपघट वा हेरफेर गर्न सक्ने

1. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कमलामाई नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
2. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कमलामाई नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**<u>फार्म दर्ताको लागी विवेदनको ढाचा</u>**

**कमलामाई नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**पशु विकास शाखा**

**बागमति प्रदेश,नेपाल**

मिति :.........................

श्रीमान प्रमुख ज्यू ,
कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु विकास शाखा,सिन्धुली

विषय : फार्म दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा कमलामाई नगरपालिका वडा नं. ......मा मैले ............गोटा संख्यामा मिति .....................देखी .....................पालन गर्दै आइरहेको वा मिति : ........................भित्रमा ......गोटा संख्यामा व्यावसायिक रुपमा ............. पालन गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु. .......................को कारोबार हुने गरी ...................................नामको फार्म दर्ता गरी पाउ भनि तपशिलमा उल्लेखित कागजातहरु संगलग्न राखी रु १०।० को टिकट टास गरी फार्म दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

<u>संगलग्न कागजातहरु</u>

- ✓ निवेदन
- ✓ नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि
- ✓ २ प्रति पासपोर्ट साइजको फोटो
- ✓ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ✓ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ✓ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा /मञ्जुरीनामा
- ✓ राजश्व खातामा राजश्व बुझाएको रसिद

- ✓ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ✓ वडाको पशुसेवा/पशुस्वास्थ्य प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

**<u>निवेदक</u>**

हस्ताक्षर :

नाम :

ठेगाना

सम्पर्क नं. :